आज मिति २०८३ साल वैशाख २२ गते मंगलबारका दिन दिनको २.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा पचपन्नौं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री ~~संजय कोजू~~ [illegible] | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

CS Scanned with CamScanner

५५ औ कार्यपालिका बैठकको बैठकका एजेण्डाहरु

१.५४ औ कार्यपालिका बैठकको निर्णय समिक्षा,

२.नगर बिकास समिति गठन सम्बन्धमा

३.संगठन तथा ब्यबस्थापन सर्वेक्षण सम्बंधमा

४.बजेट सीमा निर्धारण सिमितिको निर्णय अनुमोदन सम्बन्धमा

५.घ बर्गको निर्माण ब्याबसायको इजाजत सम्बन्धमा

६.धुलिखेल प्राथमिक स्वास्थ्य केन्द्रको भवन सम्वन्धमा

७.भवन माग सम्बन्धि जिल्ला प्रशासन कार्यालयको पत्र सम्वन्धमा

८.सामग्री खरिद सम्बन्धि खड्गी सेवा समितिको पत्र सम्बन्धमा

९.कार्यालय स्थानान्तरण सम्वन्धि वाड नम्बर ६ को पत्र सम्बन्धमा

१०. बिबिध

क. २०८२ अशोज कार्तिकको बर्शादले पुर्याएको क्षति पछी वडा कार्यालयहरुले गरेको सडक सरसफाई कार्यको भुक्तानी सम्बन्धमा

ख. योजना फरफारक सम्बन्धमा

ग. विपद ब्याबस्थापन सहयोग सम्वन्धमा

घ. अन्य आर्थिक सहयोग सम्बन्धमा

ङ. जग्गा फिर्ता सम्बन्धमा

५४ औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५४ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

२. धुलिखेल नगरको नगर बिकास सम्बन्धि काम गर्न नगर विकास कोष ऐन २०४५ को दफा ४ बमोजिम देहाय बमोजिम नगर विकास समिति गठन गर्ने निर्णय गरियो ।

श्री निराजन जंगम ( कार्य वाहक नगर प्रमुख)-अध्यक्ष

श्री जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले तोकेको सो समितिको प्रतिनिधि- सदस्य

श्री जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले तोकेको अधिकृत- सदस्य

श्री मालपोत कार्यालय, काभ्रेपलाञ्चोकले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

श्री जिल्ला वन कार्यालयले काभ्रेपलाञ्चोकले तोकेको अधिकृत- सदस्य

श्री नापी कार्यालय काभ्रेपलाञ्चोकले तोकेको अधिकृत- सदस्य

श्री उत्तम तिमिल्सिना- वडा अध्यक्ष (वडा नम्वर ४)

श्री संजय कोजु श्रेष्ठ - वडा अध्यक्ष (वडा नम्बर ६)

श्री रत्न कुमारी सेवा- कार्यपालिका सदस्य

श्री रत्न बहादुर कार्की, धुलिखेल नगरपालिका वडा नम्बर ४ (समाजसेवी)

श्री सरस्वती थापा मगर, धुलिखेल नगरपालिका वडा नम्बर ४ (समाजसेवी महिला)

श्री मोहन प्रसाद मरासिनी, प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

३. धुलिखेल नगरपालिकाको कार्य प्रकृति, कार्यबोझ र औचित्यका आधारमा विद्यमान् संगठन संरचना र कर्मचारी दरबन्दीलाइ बस्तुपरक हिसाबले पुनरावलोकन गर्न आवश्यक भयकोले नेपाल सरकारले हालै स्वीकृत गरेको संगठन तथा ब्यावस्थापन सर्वेक्षण सम्बन्धि राष्ट्रिय मापदण्ड २०८२ बमोजिम संगठन तथा ब्यबस्थापन सर्वेक्षण गर्न कार्यालयलाई निर्देशन दिने र सो सम्बन्धि कामका लागि मापदण्डको दफा ७ को (ई) बमोजिम प्रमुख प्रशासकीय अधिकृत मोहन प्रसाद मरासिनीको संयोजकत्वमा आर्थिक प्रशासन शाखा प्रमुख भवानीप्रसाद मिश्र र प्रशासन शाखा प्रमुख गायत्रीरमण घिमिरे सदस्य रहेको एक समिति गठन गर्ने निर्णय गरीयो । साथै सर्वेक्षण सम्बन्धि सम्पूर्ण काम समिति मार्फत गर्न सम्भाबना नभएमा बिषय विज्ञको परामर्श सेवा लिएर गर्न समितिलाई अधिकार दिने र नगरपालिका चालु खर्च शिर्षकबाट बढीमा रु ५ लाख सम्म खर्च गर्न कार्यालयलाई स्वीकृत दिने निर्णय गरियो ।

४. धुलिखेल नगरपालिकाको आर्थिक बर्ष २०८३.०८४ को नीति, योजना तथा बजेट र कार्यक्रम तर्जुमा सन्दर्भमा स्थानीय सरकार संचालन २०७४ को दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८३.१.९ गतेको बैठकले गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

५. "घ" बर्गको निर्माण ब्यवसाय इजाजत पत्र वितरण सम्बन्धि कार्यविधि २०७५ (पहिलो संशोधन २०८२) को दफा ४ को उपदफा (४) बमोजिम "घ" बर्गको निर्माण ब्यवसाय इजाजत पत्र नयां जारि गर्ने तथा नविकरण गर्ने कार्यपालिकालाई रहेको अधिकार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १८ बमोजिम पूर्वाधार विकास समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

६. धुलिखेल प्राथमिक स्वास्थ्य केन्द्रको भवन पुरानो भै अत्यन्त जिर्ण अवस्थामा रहेको र सोहि भवनबाट सेवा प्रवाह गरिरहन जोखिम पनि बढ्दै गएको हुनाले अन्य स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र सार्ने सम्बन्धमा उपयुक्त सुझाव दिन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

७. धुलिखेल नगरपालिका वडा नम्बर ७ मा रहेको प्रादेशिक स्वास्थ्य ल्याव अन्यत्र सरि भवन खाली रहेकोले उक्त भवन जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराइदिनुहुन भनि जिल्ला

प्रशासन कार्यालयबाट प्राप्त पत्रका सम्बन्धमा छलफल हुदा उक्त भवन संजीवनी नमुना माध्यामिक बिधालयको स्वामित्वमा रहेको र उक्त भवनमा बिधालयले छात्रावास संचालन गर्न लागेको हुनाले सोहि व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

८. खडगी सेवा समितिको थप बजेट माग सम्वधि पत्र सम्बन्धमा छलफल हुदाँ हाललाइ थप बजेट उपलब्ध गराउन नसकिने व्यहोरा जानकारी गराउने निर्णय गरियो ।

९. धुलिखेल नगरपालिका वडा नम्बर ६ ले हालको वडा कार्यालय भवनबाट सेवा संचालन गर्न कठिनाइ भयकोले सोहि वडामा रहेको संग्राहलयबाट संचालन गर्न अनुमति पाउ भनि दिएको निवेदन सम्वन्धमा छलफल हुदाँ जुन प्रयोजनका लागि भवन बनेको हो सोहि प्रयोजनमा ल्याउने गरि आवश्यक तयारी गर्न कार्यालयलाई निर्देसन दिने निर्णय गरियो ।

१०. बिबिध

क. २०८२ साल अशोज कार्तिक महिनामा परेको अविरल बर्षका कारण नगरपालिकाका ग्रामिण भेगका मुख्य तथा भित्रि सडकहरूमा ठुलो क्षति पुगेको र तत्काल सडक मर्मत सम्भार तथा सडक सरसफाई गरि यातायात आवागमनलाइ सुचारु गरिएको हुनाले उक्त सडकहरु मर्मत तथा सरसफाई गर्दा लागेको खर्च प्राविधिकले तयार गरेको लागत अनुमान, कार्य सम्पन्न प्रतिबेदन, प्राविधिक मुल्यांकन समेतका आधारमा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो,

ख. धुलिखेल नगरपालिकाबाट आर्थिक बर्ष २०८२.०८३ मा संचालन भै सम्पन्न भयका योजनाहरु योजना जाचपास तथा फरफारक समितिको बिभिन्न मितिको बैठकबाट फरफारक भयको हुदाँ मिति २०८३.१.१७ सम्म योजना जाचपास तथा फरफारक समितिले फरफारक गरेका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो,

ग. आगालागी, बाढी पहिरो लगायत अन्य विपदका कारण क्षति पुगेका देहायका परिवारलाई बन वातावरण तथा विपद ब्यवस्थापन समितिको सिफारिस समेतका आधारमा देहाय बमोजिम राहत रकम दिने निर्णय गरियो,

| सि. नं | बिपदबाट पीडित व्यक्तिको नाम र ठेगाना | विपद्को प्रकार | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १। | लालबहादुर तामांग वडा नं ११ | आगालागी | १५०००.० | |
| २। | विष्णुप्रसाद न्यौपाने वडा नं २ | आगलागी | १५०००.० | क्षतिको आधारमा विपद समितिको सिफारिस भन्दा बढी रकम दिने निर्णय |
| ३। | राजेश कुमार तखाछे | आगलागी | ४००००.० | क्षतिको आधारमा विपद समितिको सिफारिस भन्दा बढी रकम दिने निर्णय |

घ. घरको आर्थिक अवस्था कमजोर भयको कारण औषधि उपचारमा कठिनाइ भयकोले आर्थिक सहायता दिन वडा कार्यालयबाट सिफारिस आयकोले देहायका व्यक्तिलाई देहाय बमोजिम औषधि उपचार सहायता रकम दिने निर्णय गरियो,

| सि. नं | निवेदकको नाम | रोगको प्रकार | सहयोग रकम रु |
|---|---|---|---|
| १। | अशोक परियार वडा नं ९ | मेरुदण्ड भाचिएको र कम्मर भन्दा तलको भाग नचल्ने | १५०००.० |
| २। | निर्मला कार्की वडा नं ७ को सिफारिस (व्यक्तिको ठेगाना चौरी देउराली गा पा) | पक्षघात भै दुवै खुट्टा नचल्ने | १५०००.० |
| ३। | रन्जु श्रेष्ठ वडा नं ५ | पाठेघरको क्यान्सर | १५०००.० |

ङ. धुलिखेल नगरपालिका वडा नं ८ का जग्गाधनी उद्धव कोइरालाले आफ्नो नाममा श्रेस्ता कायम रहेको कित्ता नं ९८८ को कुल क्षेत्रफल १-३-३-१ जग्गा सिताघारी खानेपानी उपभोक्ता समितिलाई दान दिएकोमा उक्त दान दिएकै जमिनमा निजको व्यक्तिगत घर परेकोले उक्त घरले ओगटेको ०-४-३-१ क्षेत्रफल जग्गा फिर्ता पाऊ भनि खानेपानी उपभोक्ता समितिको निवेदन सहित वडा नं ८ को सिफारिश आएको सम्वन्धमा छलफल हुदाँ यस बिषयमा कानुनी राय लिने निर्णय गरियो ।



CS Scanned with CamScanner